# सखुवानन्कारकट्टी गाउँपालिका

## स्थानीय राजपत्र


खण्ड - ४ संख्या - १ मिति - २०७७/०३/११ गते


## भाग-१

# सखुवानन्कारकट्टी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७


**सखुवानन्कारकट्टी गाउँपालिका**

सखुवानन्कारकट्टी, सिरहा

मधेश प्रदेश, नेपाल

# सखुवानन्कारकट्टी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७

प्रस्तावना:

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सखुवानन्कारकट्टी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यो ऐनको नाम सखुवानन्कारकट्टी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन सखुवानन्कारकट्टी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

## २. परिभाषा :

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले सखुवानन्कारकट्टी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले सखुवानन्कारकट्टी गाउँ कार्यपालिका कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले सखुवानन्कारकट्टी गाउँपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

## ३. नियम बनाउने अधिकार :

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका/नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि

नियमित गर्नको निमित्त सखुवानन्कारकट्टी गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ ।

४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही सखुवानन्कारकट्टी गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।

आज्ञाले
राजीव कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : २०७७/०३/१२

मूल्य रू. ५/-